पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान
Patan Academy of Health Sciences
(पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६४ अन्तर्गत स्थापित)
लगनखेल-५, ललितपुर, नेपाल Lagankhel -5, Lalitpur, Nepal

प. सं. : २०७२/०७३
च.नं. : 'ख' ८३६/०६

मिति : २०७३/२/९

## सूचना !

पाटन स्वास्थ्य बिज्ञान प्रतिष्ठानको कर्मचारी सेवाका शर्त र सुविधा सम्बन्धी नियमावली, २०६७ को नियम ८३ मा स्वेच्छिक अवकाशको व्यवस्था रहेको छ । उक्त व्यवस्था अनुसार उमेरको हद पुग्नु अगावै स्वेच्छाले अवकाश लिन चाहने स्थायी शिक्षक तथा कर्मचारीहरुको लागि स्वेच्छिक अवकाश सम्बन्धी निर्देशिका, २०७२ जारी गरिएको छ । हाल कार्यरत पदबाट स्वेच्छाले अवकाश लिनको लागि उक्त निर्देशिकामा निर्धारित योग्यता पुगेका कुनै पनि शिक्षक तथा कर्मचारीले प्रतिष्ठानको सेवाबाट स्वेच्छिक अवकाशको लागि निवेदन पेश गर्नु पर्नेछ । पर्न आएका निवेदनहरुमा प्रतिष्ठानको विद्यमान जनशक्तिको स्थिति समेतलाई विचार गरी स्वेच्छिक अवकाशको अनुमति दिने वा नदिने सम्वन्धी अन्तिम निर्णय प्रतिष्ठानको कार्यकारी परिषद्ले गर्ने गरी मिति २०७३ साल जेष्ठ मसान्तभित्र पाटन अस्पताल सेक्रेटरी अफिसमा ईच्छुक शिक्षक तथा कर्मचारीहरुबाट दरखास्त पेश गर्नु हुन यसै सूचना मार्फत सम्वन्धित सबैमा जानकारी गराईन्छ । स्वेच्छिक अवकाशमा जाने स्थायी शिक्षक तथा कर्मचारीहरुले पाउने सुविधा सम्वन्धमा निर्देशिकामा भएको व्यवस्था अनुसार हुनेछ । यस सम्वन्धी थप जानकारीको लागि सूचना साथ टाँस गरिएको स्वेच्छिक अवकाश सम्बन्धी निर्देशिका, २०७२ हेर्नु हुन वा कर्मचारी प्रशासन शाखामा सम्पर्क राखी बुझ्नु हुन समेत जानकारी गरिन्छ ।

(कृष्ण भण्डारी)
रजिष्ट्रार

रजिष्ट्रार

E-mail: pahs@pahs.edu.np Website: www.pahs.edu.np Tel: +977-1-5545112 Fax: +977-1-5545114 G.P.O. Box 26500 Kathmandu, Nepal

# प्रतिष्ठानका शिक्षक तथा कर्मचारी स्वेच्छिक अवकाश सम्बन्धी निर्देशिका, २०७२

**प्रस्तावना:**

पाटन स्वास्थ्य बिज्ञान प्रतिष्ठानको कर्मचारी सेवाका शर्त र सुविधा सम्बन्धी नियमावली, २०६७ को नियम ८३ मा स्वेच्छिक अवकाशको व्यवस्था रहेको हुदा यस सम्वन्धमा थप प्रष्टताको लागि देहाय वमोजिमको व्यवस्था कर्मचारी स्वेच्छिक अवकाश सम्बन्धी निर्देशिका, २०७२ जारी गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:**

(क) यस निर्देशिकाको नाम: पाटन स्वास्थ्य बिज्ञान प्रतिष्ठानमा कार्यरत स्थायी कर्मचारी स्वेच्छिक अवकाश सम्बन्धी निर्देशिका, २०७२ रहेको छ ।

(ख) यो निर्देशिका कार्यकारी परिषद्‌बाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा:**

बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा:

(क) "प्रतिष्ठान" भन्नाले पाटन स्वास्थ्य बिज्ञान प्रतिष्ठान ऐन, २०६४ लाई सम्झनु पर्छ ।

(ख) "अस्पताल" भन्नाले पाटन स्वास्थ्य बिज्ञान प्रतिष्ठान अन्तर्गत रहेको पाटन अस्पताललाई सम्झनु पर्छ ।

(ग) "कार्यकारी परिषद्" भन्नाले पाटन स्वास्थ्य बिज्ञान प्रतिष्ठान ऐन, २०६४ को दफा ५ बमोजिमको कार्यकारी परिषद् सम्झनु पर्छ ।

(घ) "पदाधिकारी" भन्नाले पाटन स्वास्थ्य बिज्ञान प्रतिष्ठान ऐन, २०६४ को दफा २०, २१, २२, २३ र २४ बमोजिम नियुक्त पदाधिकारी सम्झनु पर्छ ।

(ङ) "विभागाध्यक्ष (चेयर अफ डिपार्टमेण्ट)" भन्नाले प्रतिष्ठान अन्तर्गतका विभागका प्रमुखको जिम्मेवारीमा रही काम गरेका कर्मचारी सम्झनु पर्नेछ र सो शब्दले ईञ्चार्ज समेतलाई बुझाउनेछ ।

(च) "स्थायी शिक्षक तथा कर्मचारी" भन्नाले पाटन स्वास्थ्य बिज्ञान प्रतिष्ठानको कर्मचारी सेवाका शर्त र सुविधा सम्बन्धी नियमावली, २०६७ को नियम ६ बमोजिमका शिक्षक तथा कर्मचारी सम्झनु पर्छ ।

३. **सूचना प्रकाशन:**

पाटन स्वास्थ्य बिज्ञान प्रतिष्ठान कार्यकारी परिषद्‌ले आवश्यकता अनुसार तोकिएको आर्थिक बर्षको लागि स्वेच्छिक अवकाशमा जाने स्थायी शिक्षक तथा कर्मचारीहरुले पाउने सुविधा सहित सूचना प्रकाशित गर्नेछ ।

४. **दरखास्त दिने सम्वन्धी व्यवस्था:**

प्रतिष्ठानले यस प्रयोजनको लागि प्रकाशित सूचना अनुसार तोकिएको समयसीमा भित्र स्वेच्छिक अवकाशको लागि निर्धारित योग्यता पुगेका स्थायी शिक्षक तथा कर्मचारीले मात्र तोकिएको स्थानमा निवेदन दिनु पर्नेछ ।



रजिष्ट्रार

५. **स्वेच्छिक अवकाशको लागि योग्यता:**

(क) पच्चीस बर्ष स्थायी सेवा अवधि पूरा गरेको वा ५५ बर्ष उमेर पूरा भएको शिक्षक तथा कर्मचारी हुनु पर्नेछ ।

(ख) माथि खण्ड (क) मा उल्लेख भए बमोजिम कर्मचारी सेवाका शर्त र सुविधा सम्वन्धी नियमावली, २०६७ को नियम ८१ को उप-नियम (१) मा व्यवस्था भए अनुसार अनिवार्य अवकाश लिने सेवा अवधि कम्तीमा १ (एक) बर्ष बाँकी रहेको हुनु पर्नेछ ।

६. **स्वेच्छिक अवकाश लिने शिक्षक तथा कर्मचारीले प्राप्त गर्ने सुविधाहरु:**

(क) पाटन स्वास्थ्य बिज्ञान प्रतिष्ठानका कर्मचारी सेवाका शर्त र सुविधा सम्बन्धी नियमावली, २०६७ को नियम ८६ अन्तर्गत 'क', 'ख' र 'ग' बमोजिम सेवा अवधि गणना पश्चात् कायम भएको तलब बराबरको रकम पाईनेछ ।

(ख) यस निर्देशिकाको प्रकरण ५ 'क' बमोजिम सेवा गर्न बाँकी अवधिको गणना बढीमा पाँच (५) बर्षसम्म हुनेछ ।

(ग) उपदानको सुविधा लिन बाँकी सेवा अवधि वा अवकाशको उमेर बाँकी गणनाको आधारमा प्रत्येक बर्षको आखिरी एक (१) महिनाको तलव बराबरको थप रकम र सोही बराबर अतिरिक्त रकम थप हुनेछ ।

(घ) पाटन स्वास्थ्य बिज्ञान प्रतिष्ठानका कर्मचारी सेवाका शर्त र सुविधा सम्बन्धी नियमावली, २०६७ को नियम ६० र ६१ भएको व्यवस्था अनुसार सञ्चित घर विदा र विरामी विदाको रकम उपलव्ध हुनेछ ।

(घ) प्रतिष्ठानको सेवाबाट स्वेच्छिक अवकाश प्राप्त गर्ने कर्मचारीलांई पाटन अस्पताल सञ्चालन बिनियमावली, २०६७ को विनियम १२ उप-विनियम (छ) मा उल्लेखित अवकाश पश्चात् पाउने सुविधामा कुनै बाधा पर्ने छैन ।

७. **विविध:**

(क) स्वेच्छिक अवकाशको लागि हरेक आर्थिक बर्षमा कार्यकम सहितको बजेटको व्यवस्था कार्यकारी परिषद्बाट सभामा प्रेषित कार्यक्रम स्वीकृत भए पछि लागू हुनेछ ।

(ख) निर्धारित बजेटको सीमा भित्र रहेर स्वेच्छिक अवकाश सम्बन्धी प्रकृया अघि बढाईनेछ ।

(ग) स्वेच्छिक अवकाशमा जाने कर्मचारीले पाउने सुविधामा हरेक आर्थिक बर्षमा थपघट हुन सक्नेछ ।

(घ) स्वेच्छिक अवकाशको लागि प्राप्त निवेदनहरु छुट्याईएको बजेटको सीमाभित्र रहेर आवेदनको क्रमवद्ध आधारमा निर्णय हुनेछ ।

(ङ) स्वेच्छिक अवकाशको लागि प्राप्त निवेदन उपर अन्तिम स्वीकृति कार्यकारी परिषद्ले गर्नेछ ।

८. **निर्देशिकाको व्याख्या तथा संशोधन:**

यो निर्देशिकामा भएका व्यवस्थाहरुको अन्तिम व्याख्या गर्ने तथा संशोधन गर्ने अधिकार कार्यकारी परिषद्को हुनेछ ।

रजिष्ट्रार